# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्मको तथ्याङ्क अनुसार विस्तृत मुद्राप्रदाय ३.३ प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.९ प्रतिशतले बढेको थियो । बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा ह्रास आएको र आन्तरिक सम्पत्तिमा न्यून वृद्धि भएकोले विस्तृत मुद्रा प्रदायमा पनि न्यून वृद्धि भएको हो । संकुचित मुद्रा प्रदाय भने समीक्षा अवधिमा ०.६ प्रतिशतले घटेको छ ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. १४ अर्ब ७९ करोड (६.९ प्रतिशत) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. १७ अर्ब ९९ करोड (८.० प्रतिशत) ले घटेको थियो । वस्तु निर्यात र विप्रेषण आप्रवाहमा वृद्धि हुनुका साथै आयातमा पनि न्यून मात्र वृद्धि भएकोले भुक्तानी असन्तुलनमा सुधार भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा आएको ह्रास अघिल्लो वर्षको सोही अवधिको तुलनामा केही कम रहन गएतापनि अपेक्षित स्तरको सुधार भने हुन सकेको छैन ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा कुल आन्तरिक कर्जा ५.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ८.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा १०.९ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा सो कर्जा १५.५ प्रतिशतले विस्तार भएको थियो । अनुत्पादक क्षेत्रमा प्रवाहित कर्जालाई नियन्त्रण गर्न गरिएको नीतिगत प्रयास र आयात व्यापारमा न्यून विस्तारका कारण समीक्षा अवधिमा निजी क्षेत्रको कर्जा विस्तारमा कमी आएको हो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले निक्षेपको रुपमा परिचालन गरेको साधन र कर्जा प्रवाहबीच असन्तुलन यथावत रहेको छ । यस अवधिमा बाणिज्य बैंकहरुको निक्षेप रू. २१ अर्व ८७ करोडले बढेको छ भने कर्जा तथा लगानी रू. ५७ अर्व ७० करोडले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा निक्षेप परिचालन रू. २५ अर्व २३ करोडले र कर्जा तथा लगानी रू. ५७ अर्व ३३ करोडले बढेको थियो । निक्षेपमा न्यून वृद्धिको विपरित निजी क्षेत्र तर्फको कर्जा रू. ५२ अर्व ६४ करोडले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये उत्पादन क्षेत्रतर्फको कर्जा रू. २१ अर्ब ३२ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. ८ अर्ब ३६ करोडले मात्र बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. १८ अर्ब ८८ करोडले र निर्माण क्षेत्रतर्फको कर्जा रू. २ अर्ब ४९ करोडले वढेको छ । तर समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रू. ५९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र तर्फको कर्जा रू. १ अर्ब ३८ करोडले घटेको छ ।

### तरलता व्यवस्थापन

६. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रू. ३५ अर्ब ९९ करोडको खुद तरलता प्रवाह भएको छ । समीक्षा अवधिमा बिक्री बोलकबोल मार्फत रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १९ अर्ब गरी रू. २१ अर्बको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत रू. ५६ अर्ब ९९ करोडको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलबाट गरी रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको र खरिद बोलकबोल तथा रिपो बोलकबोलबाट गरी रू. ९८ अर्ब ५० करोडको तरलता प्रवाह भएको थियो ।

७. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ६६ करोड खुद खरिद गरी रू. १२० अर्ब ३३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ९२ करोड ३३ लाख खुद खरिद गरी रू. ६८ अर्ब ८७ करोड खुद तरलता प्रवाह गरेको थियो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ९० करोड बिक्री गरी रू. १३८ अर्ब ४ करोड बरावरको भा.रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ५१ करोड बिक्री गरी रू. ११३ अर्ब ३९ करोड बरावरको भा.रू. खरिद भएको थियो ।

### अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

९. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. २७१ अर्ब ६९ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. २१५ अर्ब ५४ करोड बराबरको मात्र अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. १७१ अर्ब ६७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ । समीक्षा अवधिमा उपयोग भएको स्थायी तरलता सुविधा अन्तर्गत २०६७ चैत मसान्तमा रू. २ अर्ब ८७ करोड वक्यौता रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. ९१ अर्ब ७९ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा वक्यौता रहेको थिएन ।

### अल्पकालीन व्याजदर

१०. आर्थिक वर्ष २०६७/६८ को चैत महिनामा अघिल्लो वर्षको चैत महिनाको तुलनामा अल्पकालीन व्याजदरहरुमा केही वृद्धि भएको छ । उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औषत व्याजदर अघिल्लो वर्षको चैत महिनामा ७.३५ प्रतिशत रहेकोमा २०६७ चैतमा ९.०६ प्रतिशत रह्यो । त्यसैगरी, भारित औसत अन्तरबैंक व्याजदर अघिल्लो वर्षको चैतमा ७.८१ प्रतिशत रहेकोमा २०६७ चैतमा ९.५४ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार

११. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १६.१ प्रतिशतले घटी २०६७ चैत मसान्तमा ३७३.२० विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६६ चैत मसान्तमा ४४४.७६ रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेकोले समेत शेयरको मूल्यमा गिरावट आएको हो ।

१२. धितोपत्रको बजार पूँजीकरण २०६७ चैत मसान्तमा वार्षिक विन्दुगत आधारमा ३.९ प्रतिशतले घटी रू. ३ खर्ब ३१ अर्ब कायम भएको छ । २०६७ चैत मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २७.२ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६६ चैत मसान्तमा ३२.५ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरुको ६८.६ प्रतिशत, उत्पादन तथा प्रशोधन

क्षेत्रको २.७ प्रतिशत, होटलहरुको १.७ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.५ प्रतिशत, जलविद्युतको ५.० प्रतिशत र अन्यको २१.५ प्रतिशत अँश रहेको छ ।

१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३०.७ प्रतिशत रही २०६७ चैत मसान्तमा रू. ९७ अर्ब ०९ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६७ चैत मसान्तसम्ममा रू. ८ अर्व ९ करोड बरावरको साधारण शेयर, रू. ३ अर्ब ५७ करोड बराबरको बोनस शेयर, रू. ७ अर्व ३५ करोड बराबरको हकप्रद शेयर र रू. ४ अर्ब ९९ करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रू. २४ अर्ब रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६७ चैत मसान्तमा २०४ पुगेको छ । यो संख्या २०६६ चैत मसान्तमा १६८ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १७२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१५. आर्थिक वर्ष २०६७/६८ को चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १४.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कमा १७.३ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कमा ५.२ प्रतिशतले वृद्धि भएकोले समग्र उपभोक्ता मुद्रास्फीति दरमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा केही कम दरमा बृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १६.१ प्रतिशत र ६.३ प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धि सवैभन्दा वढी ६१.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ५.३ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः १९.७ प्रतिशत र ३१.४ प्रतिशतले वृद्धि भएको फलफूल र मसलाको मूल्य सूचकाङ्क समीक्षा अवधिमा ३२.१ प्रतिशत र २१.१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा सूर्तिजन्य पदार्थ, रेष्टुरेण्ट तथा होटल र खाद्यान्न उप-समूहको मूल्य सूचकाङ्कमा क्रमश: १७.१ प्रतिशत, १५.२ प्रतिशत र १३.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी सूचकाङ्कमा क्रमशः ११.४ प्रतिशत, २०.८ प्रतिशत र १२.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा दुग्ध पदार्थ एवं अण्डा र माछा मासु उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १६.३ प्रतिशत र ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १३.५ प्रतिशत र १८.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा २३.५ प्रतिशतले वृद्धि भएको दलहन तथा गेडागुडीको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ४.५ प्रतिशतले ह्रास आएको छ । अघिल्लो बर्षको सोही अवधिमा ४६.३ प्रतिशतले बृद्धि भएको चिनी तथा मिठाई उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा १५.८ प्रतिशतले मात्र बृद्धि भएको छ ।

१७. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता-कपडा तथा जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा १६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ६.६ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ०.७ प्रतिशतले ह्रास भएको यातायात क्षेत्रको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ११.४ प्रतिशतले

वृद्धि भएको छ । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा ८.० प्रतिशतले वृद्धि भएको घरायसी उपभोगका सामानहरुको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा ४.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष स्थिर रहेको सञ्चार क्षेत्रको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १३.० प्रतिशतले ह्रास आएको छ ।

१८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा वढी काठमाडौं उपत्यकामा १२.९ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ भने पहाडमा ११.९ प्रतिशतले र तराईमा ८.२ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य सूचकाङ्क वृद्धिदर काठमाडौं उपत्यका, पहाड र तराईमा क्रमशः १२.२ प्रतिशत, १५.१ प्रतिशत र १५.३ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१९. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ११.५ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर १०.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषिजन्य वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १३.९ प्रतिशत, ९.१ प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको सूचकाङ्कमा क्रमशः १५.४ प्रतिशत, ११.६ प्रतिशत र ३.२ प्रतिशतले वृद्धि भएको थियो ।

२०. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ४१.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त सूचकाङ्कमा ३८.८ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा खाद्यान्न र पशुजन्य उत्पादनको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः १२.८ प्रतिशत र १२.७ प्रतिशत प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक थोकमूल्य सूचकाङ्क क्रमशः १९.६ प्रतिशत र २९.२ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्षको सोही अवधिमा २५.९ प्रतिशतले वृद्धि भएको दलहनको थोक मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ६.९ प्रतिशतले ह्रास आएको छ । अघिल्लो बर्षको सोही अवधिमा क्रमशः ५.६ प्रतिशत र ०.३ प्रतिशतले ह्रास भएको फलफूल तथा तरकारी र नगदेवालीको थोक मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा २८.९ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको छ ।

२१. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको पेय तथा सुर्तीजन्य पदार्थ र निर्माण सामाग्रीको थोक मूल्य सूचकाङ्क क्रमशः १८.३ प्रतिशत र २.२ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ११.७ प्रतिशत र ८.७ प्रतिशत रहेको थियो । अघिल्लो बर्षको सोही अवधिमा १९.७ प्रतिशतको उच्च दरले वृद्धि भएको खाद्यजन्य वस्तुको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १.८ प्रतिशतले मात्र वृद्धि भएको छ ।

२२. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा औषधीजन्य वस्तुहरु र पेट्रोलियम पदार्थ तथा कोईलाको मूल्य सूचकाङ्कहरु क्रमशः ५.५ प्रतिशत र १३.८ प्रतिशले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ४.६ प्रतिशत र ९.३ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः १२.४ प्रतिशत र २.८ प्रतिशतले ह्रास भएको रासायनिक मल तथा रासायनिक पदार्थ र कपडाजन्य सामाग्रीको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा क्रमशः ९.० प्रतिशत र ८.० प्रतिशतले वृद्धि भएको छ ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १३.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा १३.८ प्रतिशतले वृद्धि भएको तलव सूचकाङ्कमा समीक्षा अवधिमा

कुनै परिवर्तन नभएतापनि ज्यालादर सूचकाङ्कमा भएको वृद्धिको कारण समग्र तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि भएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क ३२.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो सूचकाङ्क १४.० प्रतिशतले वृद्धि भएको थियो ।

२४. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि, औद्योगिक र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ४३.७ प्रतिशत, १४.१ प्रतिशत र २७.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा क्रमशः १९.६ प्रतिशत, ५.१ प्रतिशत र १२.४ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२५. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रू. ६ अर्व ४७ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा साधन परिचालन उच्च रहेको कारण सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. १० अर्व ३० करोडले बचतमा रहेको थियो ।

### सरकारी खर्च

२६. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा १२.२ प्रतिशतले वृद्धि भई रू. १५७ अर्व २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ३०.९ प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा कमी आएको कारणले समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।

२७. समीक्षा अवधिमा चालू खर्च १५ प्रतिशतले वृद्धि भई रू. १०४ अर्व ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्चमा २८.५ प्रतिशतले वृद्धि भएको थियो । चालू वर्षको बार्षिक बजेट सार्वजनिक हुन ढिलाई भएको कारण चालू खर्चको वृद्धिदरमा कमी आएको हो ।

२८. समीक्षा अवधिमा पूँजीगत खर्च १७.७ प्रतिशतले वृद्धि भई रू. ३३ अर्व ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्चमा ४७.५ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष शुरु भएको पाँचौं महिनामा मात्र अध्यादेश मार्फत पूर्ण आकारको बजेट कार्यान्वयनमा आएको तथा कार्यक्रम स्वीकृत र ठेक्कापट्टामा ढिलाई भई निर्माण कार्यमा सुस्तता आएको कारण पूँजीगत खर्चको वृद्धिदरमा कमी आएको हो ।

२९. समीक्षा अवधिमा साँवा भुक्तानी खर्चमा २०.२ प्रतिशतले वृद्धि भई रू. १२ अर्व ७७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा साँवा भुक्तानी खर्चमा ७.६ प्रतिशतले ह्रास आएको थियो ।

### सरकारी राजस्व

३०. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १५.१ प्रतिशतले वृद्धि भई रू. १४५ अर्व ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी राजस्व २८.२ प्रतिशतले वृद्धि भई रू. १२६ अर्व ५३ करोड पुगेको थियो । चालू वर्षको बजेट सार्वजनिक हुन भएको ढिलाईका कारण चार महिनासम्म अघिल्लो वर्षकै आर्थिक ऐन अनुरुप राजस्व संकलन गर्नु परेको, सरकारको पूँजीगत खर्चमा सुस्तता आएको साथै आयातको वृद्धिदर समेत अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेकोले सरकारी राजस्वको वृद्धिदरमा कमी आएको हो ।

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ शाखामध्ये ५६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ शाखा मध्ये ३५ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोवल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा १८.३ प्रतिशतले वृद्धि भई रू. ४५ अर्ब ५४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ४०.६ प्रतिशत रहेको थियो । औद्योगिक उत्पादनमा विस्तार हुन नसक्नु, विल विजक लिनेदिने प्रक्रिया प्रभावकारी हुन नसक्नु, नक्कली विल विजकको प्रयोग हुनु तथा न्यून विजकीकरण हुनु जस्ता कारणहरुले गर्दा मूल्य अभिवृद्धि कर परिचालनको वृद्धिदरमा कमी आएको हो ।

३२. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसुलबाट प्राप्त हुने राजस्व ५.४ प्रतिशतले मात्र वृद्धि भई रू. २६ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ३५.९ प्रतिशतले वृद्धि भएको थियो । आयातको वृद्धिदरमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कमी आएकोले भन्सार राजस्वको वृद्धिदरमा कमी आएको हो ।

३३. समीक्षा अवधिमा सरकारको आयकर राजस्व २७.२ प्रतिशतले वृद्धि भई रू. २९ अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व २२.२ प्रतिशतले मात्र वृद्धि भएको थियो ।

३४. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व १४.९ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व ६०.३ प्रतिशतले वृद्धि भएको थियो । उच्च अन्तःशुल्क राजस्व लाग्ने सवारी साधनहरुको आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेकोले अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्वमा १७.६ प्रतिशतले वृद्धि भई रू. १९ अर्व ४७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ५.८ प्रतिशतले घटेको थियो ।

### वैदेशिक नगद ऋण र अनुदान

३६. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. ३ अर्व १० करोड र वैदेशिक नगद अनुदानवापत् रू. १५ अर्व ७६ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रू. ३ अर्व ४३ करोड र रू. १९ अर्व ७२ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र स्थिति

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.७ प्रतिशतले वृद्धि भई रू. ४७ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १०.९ प्रतिशतले घटी रू. ४५ अर्ब ३९ करोडमा सीमित भएको थियो । मासिक रुपमा हेर्दा चालु आर्थिक वर्षको चैत महिनामा कुल वस्तु निर्यातमा फागुन महिनाको तुलनामा ४.४ प्रतिशतले बढेको छ ।

३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा ८.१ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ७.१ प्रतिशतले घटेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा १७.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.२ प्रतिशतले बढेको छ । भारततर्फ मुख्यतयाः जस्ता पाता, जुटका सामान, धागो, प्लाष्टिकका सामान र जुसको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी पश्मिना, ऊनी गलैंचा, दाल, छाला र चियाको निर्यातमा वृद्धि भएका कारण त्यसतर्फको निर्यातमा बृद्धि हुन गएको हो ।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात २.८ प्रतिशतले बढेर रू. २ खर्ब ८८ अर्ब ६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३९.४ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ८० अर्ब

२६ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा चैत महिनामा कुल वस्तु आयात फागुन महिनाको तुलनामा १.० प्रतिशतले घटेको छ ।

४०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको नौ महिनासम्म ३६.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २४.६ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको ४३.२ प्रतिशत वृद्धिको विपरित समीक्षा अवधिमा २४.८ प्रतिशतले ह्रास आएको छ । भारतबाट मुख्यतया: पेट्रोलियम पदार्थ, एम. एस. बिलेट, कोल्डरोल्ड सिट इन क्वाइल, रासायनिक मल र अन्य मेशिनरी तथा पार्टस्को आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, तयारी कपडा, स्टिलका रड र पाता, अन्य मेसिनरी तथा पार्ट्स र सुपारीको आयातमा कमी आएको छ ।

४१. चालू आर्थिक वर्षको नौ महिनासम्ममा कुल वस्तु व्यापार घाटा २.२ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ४० अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ५६.५ प्रतिशतले वढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा २८.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ५३.१ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्षको नौ महिनासम्ममा ६०.६ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २८.६ प्रतिशतले घटेको छ ।

४२. निर्यात व्यापारमा आएको सुधार तथा आयात व्यापारमा आएको कमीको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.७ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १६.२ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रू. १४ अर्ब ७९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. १७ अर्ब ९९ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा चालू खाता रू. १४ अर्ब ९९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रू. २८ अर्ब ५६ करोडले घाटामा रहेको थियो । खासगरी व्यापार एवं सेवा खातामा भएको सुधारका कारण चालू खाता घाटा केही कम रहन गएता पनि समग्रमा शोधानान्तर स्थितिमा अपेक्षित सुधार हुन सकेको छैन ।

४४. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ५८.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.१ प्रतिशतले मात्र वृद्धि भई रू. २ खर्ब ३१ अर्ब ८५ करोड पुगेको छ । खुद सेवा खाता घाटा समीक्षा अवधिमा ३३.१ प्रतिशतले घटी रू. ८ अर्ब २२ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ३६.५ प्रतिशतले वढी रू. १२ अर्ब ३० करोड रहन गएको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा ८.४ प्रतिशतले वृद्धि भई रू. २ खर्ब २१ अर्ब २१ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान १३.४ प्रतिशतले घटी रू. १७ अर्ब ९५ करोड र पेन्सन आय ६.७ प्रतिशतले वृद्धि भई रू. २१ अर्ब ६३ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको ९.६ प्रतिशत वृद्धिको तुलनामा १०.३ प्रतिशतले बृद्धि भई रू. १ खर्ब ८१ अर्ब ८४ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको फागुन महिनाको तुलनामा चैत महिनामा विप्रेषण आप्रवाह ११.० प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रू. ५ अर्ब ६० करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रू. १ अर्ब ७१ करोड मात्र प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

४५. २०६७ चैत मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको रू. २ खर्ब ६८ अर्ब ९१ करोडको तुलनामा ५.९ प्रतिशतले घटी रू. २ खर्ब ५३ अर्ब ५ करोडमा सीमित हुन पुगेको छ ।

२०६६ चैत मसान्तमा यस्तो सञ्चिति २०६६ असार मसान्तको तुलनामा १५.२ प्रतिशतले घटेर रू. २ खर्ब ४३ अर्ब रहन गएको थियो । मासिक रुपमा हेर्दा, चालू आर्थिक वर्षको चैत महिनामा मात्रै रू. ४ अर्बले विदेशी मुद्रा सञ्चिति घटेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६७ असार मसान्तको रू. २ खर्ब ५ अर्ब ३७ करोडको तुलनामा २०६७ चैत मसान्तमा ५.४ प्रतिशतले ह्रास आई रू. १ खर्ब ९४ अर्ब २२ करोडमा सीमित हुन पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६७ असारदेखि २०६७ चैत मसान्तसम्ममा ०.७ प्रतिशतको सीमान्त ह्रास आई अमेरिकी डलर ३ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ६.५ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.१ महिनाको वस्तु आयात र ६.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ चैत मसान्तमा प्रति व्यारल अमेरिकी डलर ८४.५४ रहेकोमा २०६७ चैत मसान्तमा ४९.१ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १२६.०४ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६६ चैत मसान्तको तुलनामा २०६७ चैत मसान्तमा २८.६ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १४७६.७५ पुगेको छ ।

४७. २०६७ असार मसान्तको तुलनामा २०६७ चैत मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.४७ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १०.३० प्रतिशतले अधिमूल्यन भएको थियो । २०६७ चैत मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७०.५८ पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रू. ७४.४४ रहेको थियो ।